बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, नेपाल

## संरक्षित संरचनामा व्यवसायिक तरकारी तथा पुष्प खेती प्रबर्द्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना!

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम **"संरक्षित संरचनामा व्यवसायिक तरकारी तथा पुष्प खेती प्रबर्द्धन कार्यक्रम"** मा प्रस्ताव पेश गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/०८/१८) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस निर्देशनालयको वेबसाइट (https://doadbagamati.gov.np) मार्फत अनलाइन प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | कुल स्वीकृत बजेट | साझेदार संस्था वा आवेदक | साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संरक्षित संरचनामा व्यवसायिक तरकारी तथा पुष्प खेती प्रबर्द्धन कार्यक्रम | रु. १ करोड ५० लाख | कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजि कृषि फर्म | सम्बन्धित कार्यविधिको दफा २४ अनुसार | एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | संरक्षित संरचनाको न्यूनतम क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्नेछ |

<u>संलग्न गर्नुपर्ने कागजात</u>

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र गत आ.व. को करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -४ अनुसारको प्रस्ताव,
६. अन्य निकायबाट सोहि प्रकृतिको कार्यक्रममा अनुदान नलिएको/नलिने प्रतिवद्धता पत्र,
७. संरचना निर्माण गर्ने स्थलको लालपुर्जा वा स्थानीय तहसँगको रोहबरमा भएको कम्तिमा १० वर्षको लागि भाडामा लिएको सम्झौता पत्र
८. आवश्यक अन्य कागजात ।

**पुनश्चः** विस्तृत जानकारीको लागि फोन नं. ०५७-५२०४६६ वा ९८४७९५७०४१ मा सम्पर्क राख्नु हुन वा सम्बन्धित कार्यविधिः "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" निर्देशनालयको वेभसाइट http://doad.bagamati.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ।

सुधीर श्रेष्ठ
निर्देशक
कृषि प्रसार अधिकृत/वरिष्ठ बागवानी विकास अधिकृत